# कालिका गाउँपालिका
# गाउँकार्यापालिकाको कार्यालय
धैवुङ, रसुवा

बागमती प्रदेश नेपाल
फोन नं. ०१०-५४२०९८

प.सं :०७६/०७७ (प्रशासन इकाई)
च.नं. १२३८

मिति : २०७७/०३/१५

**घर भाडामा लिने सम्बन्धी सुचना।**

यस कालिका गाउँपालिकाको कार्यालयको लागि तपशिल बमोजिमको न्यूनतम सुविधा तथा शर्तहरु पुरा भएको घर वा फ्ल्याट भाडामा लिन आवश्यक परेकोले इच्छुक घरधनीले तपशिल अनुसारको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी प्रस्ताव गाउँपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. प्रस्ताव गर्ने घरमा भान्छाकोठा सहित कम्तिमा ४ कोठा भएको र कम्मोड सहितको वाथरुम, सडक तथा पार्किङको सुविधा, धारा पानी र विजुलीको राम्रो व्यवस्था भएको हुनुपर्नेछ।
२. भाडामा दिने घर कालिका गाउँपालिका कार्यालयको नजिकै भएको हुनुपर्नेछ।
३. निवेदन साथ घर भएको जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, आ.व. २०७६।०७७ सम्मको सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी, मालपोत कर तिरेको रसिदको प्रतिलिपी र घर धनीको नागरिकता प्रमाण पत्रको प्रतलिपी संलग्न गर्नुपर्नेछ।
४. प्रस्तावित मासिक घर भाडा रकम अंक र अक्षर दुवैमा खुलाई पेश गर्नुपर्नेछ। साथै घरवहाल कर घरधनी स्वयंले व्यहोर्नुपर्नेछ।
५. प्रस्ताव पेश गर्दा घर धनी आफै वा कानुन बमोजिमको वारेस मार्फत पेश गर्नुपर्नेछ।
६. प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७७।०३।२१ गते कार्यालय समय सम्म हुनेछ।
७. प्रस्ताव पेश गर्ने स्थान : कालिका गाउँपालिकाको कार्यालय, प्रशासन शाखा/भण्डार शाखा धैवुङ, रसुवा।
८. प्रस्ताव स्विकृत गर्ने/नगर्ने लगायतका अन्य कुरा गाउँपालिकाको निर्णयानुसार हुनेछ।
९. यस बारेमा थप कुरा बुझ्नुपर्ने भएमा गाउँपालिकाको कार्यालय प्रशासन शाखा/भण्डार शाखामा सम्पर्क गर्न सकिनेछ।

..................................
प्रकाश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकिय अधिकृत**